कपुरकोट गाउँपालिका
कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित
स्थानीय राजपत्र
भाग : ३ संख्याः १५ मितिः २०८१/०३।०६

**कोसेली घर, कृषि मिनिल्याब तथा परामर्श सेवा केन्द्र सञ्चालन कार्यविधि २०८१**

गाउँकार्यपालिकाबाट पारित मिति :२०८१/०३।०६
प्रमाणिकरण मितिः २०८१/०३।०६

**प्रस्तावनाः** कपुरकोट गाउँपालिका भित्रका कृषकहरूको क्षमता अभिवृद्धि गरी व्यावसायिक तथा आधुनिक कृषिप्रणाली मार्फत किसानहरूको जीवनस्तर सुधार गर्नका लागि कपुरकोट कृषि उपज संकलन केन्द्रको परिसरमा कृषि मिनिल्याव, कृषक परामर्श सेवा केन्द्र र बजारीकरणको लागि कोसेली घर समेत स्थापना तथा सञ्चालन गर्न आवश्यक देखिएकोले कपरकोट गाउँपालिकाको कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद -१ प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो कार्यविधिको नाम कपुरकोट गाउँपालिकाको "कोशेली घर, कृषि मिनिल्याब तथा परामर्श सेवा केन्द्र सञ्चालन कार्यविधि २०८१" रहनेछ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

### २) परिभाषाः

क "समिति" भन्नाले कपुरकोट कृषि उपज बजार सञ्चालक समितिलाई सम्झिनुपर्दछ।

ख) "प्राविधिक" भन्नाले कृषि मिनिल्याव र परामर्श सेवा केन्द्रमा कामकाज गर्ने गरी कपुरकोट गाउँपालिकाले खटाएको अधिकृत वा सहायक स्तरको कर्मचारी सम्झिनुपर्दछ।

ग) "कोशेली घर" भन्नाले कपुरकोट गाउँपालिकाभित्रका कृषक र उदमीहरुले उत्पादन गरेका वस्तु तथा सामग्रीहरु बिक्री वितरण गर्न स्थापना गरेको सटर वा बिक्री केन्द्रलाई सम्झिनुपर्दछ।

घ) "कृषि मिनील्याब" भन्नाले माटो परीक्षण र रोग किरा पहिचान गर्न कपुरकोट गाउँपालिकाबाट स्थापना गरिएको ल्याब सम्झिनुपर्छ।

ङ) "परामर्श सेवा केन्द्र" भन्नाले किसानहरुलाई उत्पादन प्रणाली,प्रविधि तथा बजारीकरण सम्बन्धमा परामर्श सेवा उपलब्ध गराउने गरी स्थापना गरेको सहायता कक्ष सम्झिनु पर्दछ ।

च) "गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिकालाई सम्झिनु पर्दछ।

छ)"शाखा"भन्नाले कपुरकोट गाउँपालिकाको कृषि विकास शाखा सम्झिनुपर्दछ।

ज) "शुल्क" भन्नाले कृषि मिनिल्याप र परामर्श सेवा केन्द्रमा सेवाग्राहीले सेवा लिएबापत बुझाउनुपर्ने रकमलाई सम्झिनुपर्दछ।

ज) "सेवा शुल्क" भन्नाले कोशेली घरमा किसानहरूको उत्पादन बिक्री गरिदिए बापत कोशेली घरलाई तिर्नुपर्ने कमिसन वा शुल्क सम्झिनुपर्छ।

झ) "सहजकर्ता" भन्नाले कोशेली घर सञ्चालन गर्न खटाइएको कर्मचारी सम्झिनुपर्दछ।

ञ) "उत्पादक" भन्नाले घरमा वस्तु तथा सामग्री आपूर्तिकर्ता सम्झिनुपर्दछ।

## परिच्छेद -२

### (३) कोशेली घर स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्थाः

१) कपुरकोट गाउँपालिकाको संरक्षकत्व रहने गरी कपुरकोट कृषि उपज बजार सञ्चालक समितिको परिसरमा एक कोशेली घर स्थापना गर्नुपर्नेछ। यसरी स्थापना भएको कोशेली घरको व्यवस्थापन र सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यहरू समितिले तोके बमोजिम हुनेछ।
२) दफा ३(१) बमोजिम स्थापना भएको कोशेली घर सञ्चालनको लागि समितिले आवश्यक जनशक्ति सहजकर्ताको रुपमा १ जना छनौट गरी करारमा लगाउन सक्नेछ। सहजकर्ताको व्यवस्थापन नभएसम्मका लागि समितिले कार्यरत अन्य कर्मचारीलाई समेत कोशेली घर सञ्चालनको जिम्मेवारी तोक्न सक्नेछ।
३) सहजकर्ताको नियुक्तिको आधार छनोट प्रक्रिया सेवा सुविधा सम्बन्धी विषयहरू समितिले तोके बमोजिम हुनेछ।

### ४) सहजकर्ताको काम कर्तव्य र अधिकार

**(१)उपदफा** ३(२) बमोजिम नियुक्त सहजकर्ताले तपशिल बमोजिमका काम कर्तव्य र अधिकारहरू रहनेछन्।
क) उदमी र किसानहरूले उत्पादन गरेको वस्तु तथा सामग्रीको पूर्ण विवरण सहित बुझी भरपाई दिने।
ख) खण्ड (क) अनुसार वस्तु तथा सामग्रीहरू समितिले तोकेको दरमा बिक्रि गरी विवरण राख्ने ।
ग) मासिक रुपमा भएको वस्तु तथा सामग्रीहरूको बिक्री वितरणको प्रतिवेदन समितिमा पेश गर्ने र उदमी र किसानहरूको सेवा शुल्क घटाएर बाँकी रकम बैंक खाता मार्फत भुक्तानी गरिदिने र सेवा शुल्क समितिको बैंक खातामा जम्मा गर्ने ।

**५) कोशेली घर सञ्चालन सम्बन्धी अन्य व्यवस्थाहरूः**

(१) कोसेली घरमा कपुरकोट गाउँपालिकाभित्र स्थायी/अस्थायी ठेगाना भई पालिकामा दर्ता भएका उदमी, स्वरोजगारकर्ता व्यवसायी र किसानहरूले उत्पादन गरेका खाद्य वस्तुहरू, खेलौनाहरू ,उपहारहरू, श्रृंगारका सामग्रीहरु, औजार तथा उपकरणहरू ,उपभोग्य र अन्य प्रयोजनका सामग्री तथा वस्तुहरू बिक्री वितरणका लागि राख्न सकिनेछ।

२) खण्ड (क) मा उल्लेखित वस्तुहरूको बिक्री मूल्य, बजार मूल्य, माग र आपूर्तिको अवस्था समेतलाई मूल्याङ्कन गरी समितिले प्रत्येक वस्तुको खुद्रा तथा सुपथ मूल्य निर्धारण प्रत्येक वर्षको असार मसन्तभित्र गर्नुपर्नेछ। उदमी तथा किसानहरूले वस्तु तथा सामग्रीहरूको बिक्री गरिदिए बापत कोशेली घरलाई तिर्नुपर्ने सेवा शुल्क मूल्य निर्धारणकै समयमा समितिले तोक्नुपर्नेछ।

३)कोशेली घरमा वस्तु तथा सामग्रीको गुणस्तर परीक्षण गरेर मात्र बुझ्नुपर्दछ र पछि पत्ता लागेका त्रुटिपूर्ण वा कानुन विपरीतको सामग्रीको जिम्मेवार उत्पादक नै हुनुपर्नेछ। कोशीली घरको लापरवाहीले भएको टुटफुटको क्षतिपूर्तिमा उत्पादकले बस्तुको ४०% मूल्य सेवा शुल्क नघटाएर पाउनेछन्।

४) अन्य विषयहरू आपसी समन्वयमा समाधान गरिनेछ र समितिले यसको सहजीकरण गर्नुपर्नेछ।

## परिच्छेद-३

## कृषि मिनील्याव तथा परामर्श सेवा केन्द्र

**६)कृषि मिनील्याव तथा परामर्श सेवा केन्द्र सम्बन्धी व्यवस्था**

(१) कपुरकोट गाउँपालिकाको संरक्षकत्व रहनेगरी कपुरकोट कृषि उपज संकलन केन्द्रमा एक कृषि मिनिल्याव तथा परामर्श सेवा केन्द्र स्थापना गरी कृषि बिकास शाखा मातहतमा सञ्चालन गरिनेछ।

२) उपदफा एक बमोजिम स्थापना हुने कृषि मिनिल्याव तथा परामर्श सेवा केन्द्रको सञ्चालनका लागि कपुरकोट गाउँपालिकाले आवश्यक दक्ष जनशक्ति १ जना कृषि अधिकृत, १ जना प्रा.स. र १ जना नायव पशु प्राविधिक खटाउन सक्नेछ।

३) कृषि मिनी ल्याब तथा परामर्श सेवा केन्द्रको सञ्चालनमा समितिले आवश्यक समन्वय र सहजीकरण गर्नुपर्नेछ।

४) कृषि मिनिल्याव तथा परामर्श सेवा केन्द्रमा आवश्यक पर्ने फर्निचर,मेसिनरी उपकरण, सफ्टवेयर तथा अन्य आवश्यक सामग्रीहरू कपुरकोट गाउँपालिकाले उपलब्ध गराउनेछ।

५) कृषि मिनील्याव तथा परामर्श सेवा केन्द्रको न्यूनतम सेवा शुल्क गाउँपालिकाको आर्थिक विकास समितिले तोके बमोजिम हुनेछ । सेवाग्राहीको प्रकृति र पालिका बासीहरूको हकमा पूर्ण निशुल्क वा छुट सुविधा दिन सकिनेछ।

६)उपदफा एक बमोजिम मिनी ल्याव तथा परामर्श सेवा केन्द्रमा कपरकोट गाउँपालिका भन्दा बाहिरका सेवाग्राहीले समेत तोकिएको शुल्क लिएर सेवा लिन सक्नेछन्।

७) कृषि मिलिल्यावमा माटो परीक्षण सुविधा, तरकारी, अन्नबाली, फलफुल तथा अन्य कृषि उत्पादनमा लाग्ने रोग किराहरूको पहिचान गर्ने सुविधा उपलब्ध गराउनेछ।

विषादी, कम्पोस्ट तथा खादमल उत्पादन तथा प्रशोधन,ग्रेडिङ, प्याकेजिङ, बजारीकरण , वितीय परिचालन लगायतका विविध विषयहरूमा कृषक तथा कृषिजन्य वस्तुको व्यवसायीलाई परामर्श केन्द्रमा भिडियो तथा पेनड्राइभ सामग्री समेतको प्रयोग गरी परामर्श सेवा उपलब्ध गराउन सकिनेछ।

**७) कृषि मिनिल्याव तथा परामर्श सेवा केन्द्र सम्बन्धि अन्य ब्यबस्थाहरु**

१) ल्याब सेवा र परामर्श सेवा घुम्ती शिविर मार्फत वडा स्तर र टोल स्तरमा समेत उपलब्ध गराउन सकिनेछ।

२) गाउँपालिकाले आफ्नै स्रोत  वा साझेदारी निकायहरूको सहयोगमा परामर्श सेवा केन्द्रमा सेवा लिन आउने लाभग्राहीहरूलाई निःशुल्क वा सशुल्क रुपमा प्रविधि,उपकरण,सचेतनामूलक सामग्री तथा अर्गानिक विषादीहरु समेत उपलब्ध गराउन सक्नेछ।

३) कृषि ल्याबमा आवश्यकता अनुसार विषादीको परिमाण परीक्षण र क्वारेन्टाइनको समेत सुविधा उपलब्ध गराउन सकिनेछ।

४) अन्य विषयहरू आर्थिक विकास समिति र कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद - ४

## विविध

**८)अनुगमन तथा सुपरिवेक्षण गर्ने निकायहरूः**

(१) कोसेली घर कृषि मिनिल्याप तथा परामर्श सेवा केन्द्रको अनुगमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी कपुरकोट गाउँपालिकाको हुनेछ भने आवश्यक समन्वय र सहयोग कपुरकोट कृषि उपज बजार सञ्चालक समितिले गर्नुपर्नेछ।

२)उपदफा १ का अतिरिक्त प्रदेश सरकार र संघिय सरकारका निकायहरुले समेत कोशेली घर कृषि मिनिल्याव तथा परामर्श सेवा केन्द्रको अनुगमन निरिक्षण र सुपरिववेक्षण गर्न सक्नेछन ।

**९) कार्यविधि संशोधन**

कार्यपालिकाले आवश्यकताको आधारमा यो कार्यविधिमा संशोधन र हेरफेर गर्न सक्नेछ।

**१०) बाधा अड्काउ फुकाउ**

कपुरकोट कार्यपालिकाले यो कार्यविधि कार्यान्वयनमा कुनै समस्या आइपरेमा बाधा अड्काउहरू फुकाउनको लागि आवश्यक निर्णय गर्न सक्नेछ।

**११) खारेजी तथा बचाउः** यस कार्यविधिको कुनै दफा ,उपदफा वा खण्ड संघ वा प्रदेश सरकारका कानुनसँग बाझिएमा बाझियको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले

..............................

भरत कुमार वली

प्रमुख प्रशासकिय अधिकृत